| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mansur Manpower Pvt.Ltd.**

Govt. License 1218/074/075

G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal, Mobile :9801101712, 9801101715
E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com



## साउदी र मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : EKAL HUMAN RESOURCES CO.

पूर्व स्वीकृति मिति २०७९/१२/२९ LT. No. 284638 चलानी नं. ६०२००००२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 99 | 0 | 1000 | ३४,९०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EKAL HUMAN RESOURCES CO.

पूर्व स्वीकृति मिति २०७९/१२/२९ LT. No. 284637 चलानी नं. ६०२००००३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Roofs Cleaning Worker | 85 | 0 | 1000 | ३४,९०३ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Office and Facility Cleaning Worker | 3 | 0 | 1000 | ३४,९०३ | | | | | | | |
| 3 | Shelving Worker | 10 | 0 | 1000 | ३४,९०३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८० वैशाख ७ देखि ११ गते (20 to 24th Apr. 2023) मा हुनेछ ।

कम्पनी : TING AI YUET

पूर्व स्वीकृति मिति २०७९/१२/२९ LT. No. 284684 चलानी नं. ६०२००००३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 4 | 0 | 1500 | ४४४८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TING AI YUET

पूर्व स्वीकृति मिति २०७९/१२/२९ LT. No. 284623 चलानी नं. ६०२००००४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 5 | 0 | 1500 | ४४४८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८० वैशाख ७ गते (20th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**

श्रम इजाजत नं. ७७७/०६५/०६६

Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com


## पुनर्वास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

पुनर्वास, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७९/१२/३०)

यस कार्यालयबाट तपशिल बमोजिम रास्ट्रिय दैनिक पत्रिका र PPMO मा प्रथम पटक (e-Bid) मार्फत बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार रितपुर्वक पेश भएका बोलपत्रहरु मध्ये तपसिलका बोलपत्रदाताले पेश गरेको बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहर भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:-

| ठेक्का नं. | सूचना प्रकाशन मिति | बोलपत्रदाताको नाम | आयोजनाको नाम | बोलपत्रदाताले कबोल गरेको रकम (मु.अ.कर र पि.एस.) बाहेक |
|---|---|---|---|---|
| PUN/MUN/079/80-16 | २०७९/१०/२४ | Daut Nirman Sewa Punarbas-02, Kanchanpur. | Blacktop Road Construction,Tara Giri Chock-West ward no 1-Boarder of Belauri Municipality, Punarbas Municipality, Ward No-04, 01, Kanchanpur. | ४३,७९,७९७.००/- |
| PUN/MUN/079/80-17 | २०७९/१०/२४ | B.P. Nirman Sewa Belauri-09, Kanchanpur. | Construction of Incomplete Blacktop Road, Ward No 10 Madhan Tole, Punarbas Municipality, Ward No-10, Kanchanpur. | ३४,८६,०७१.००/- |
| PUN/MUN/079/80-19 | २०७९/११/१८ | Ganesh Nirman Sewa Belauri-04, Kanchanpur. | Construction of Ward Level Health Clinic Building, Punarbas Municipality-07, Kanchanpur. | २३,१८,६०५.२४/- |
| PUN/MUN/079/80-20 | २०७९/११/१८ | Khusi Nirman Sewa Punarbas-07, Kanchanpur. | Construction of Firs Floor of Ward Office Building, Punarbas Municipality, Ward No-08, Kanchanpur. | १८,९०,६३१.९०/- |
| PUN/MUN/ Goods/079/80-02 | २०७९/०९/१८ | Shree Krishna Medical Hall Suppliers, Patan Baitadi | Procurement of Sanitary Pads. | २१,२३,८९३.८१/- |

शिव राज भट्ट
नि.प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सतर्कता अपनाऔं

छिमेकी मुलुक भारतमा देखिएको कोरोना भाइरसको नयाँ भेरियन्ट 'ओमिक्रोन एक्सबिबी १.१६' पछिल्लो समय नेपालमा पनि देखिन थालेको छ । नेपाल–भारत खुला सीमा तथा ठूलो संख्यामा आउजाउ हुने भएकोले कोरोनाको नयाँ भेरियण्ट नेपालमा आइपुग्नु कुनै नौलो कुरा होइन । बरु, भारतमा नयाँ भेरियण्टको संक्रमण बढ्दै जाँदा सीमानाकामा सतर्कता नअपनाउनु नेपाल सरकारको कमजोरी हो । कोरोनाले मुलुकलाई थिलोथिलो बनाएको घट्ना ताजै छ । उक्त महामारीले थला पारेको मुलुकको अर्थतन्त्र अहिलेसम्म उठ्न सकेको छैन । मानवीय क्षतिको पक्ष अलग्गै छ । त्यसैले फेरि संक्रमण बढ्न नदिन सरकारले सचेतता अपनाउन सक्नुपर्थ्यो, त्यो देखिएन ।

पछिल्लो समय नेपालमा कोरोना भाइरसको संक्रमण बढ्दै जानुले सरकारी बेवास्ता प्रस्ट हुन्छ । भारतमा देखिएको नयाँ भेरियण्ट तीव्र गतिमा संक्रमण हुने बताइएको छ । नेपालमा पनि यसको प्रवेश भइसकेकोले जनस्वास्थ्यका मापदण्डहरूको पूर्णपालना गराउनु सरकारको दायित्व हो । साथै, जनस्तरबाट पनि स्वयंले सतर्कता अपनाउन जरुरी छ । महामारीबाट बच्नु र महामारी फैलन नदिनु आमनागरिकको कर्तव्य हो ।

पछिल्लो समय दैनिक संक्रमण बढ्दै गएको संक्रमणले सतर्कता अपनाउन ढिलाइ गर्न नहुने प्रस्ट पार्दछ । कोरोना संक्रमणका कारण बुधबार थप एक जनाको ज्यानसमेत गएको छ । यसअघि मंगलबार पनि एक संक्रमितको निधन भएको थियो । यसैबीच स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले केही कदम भने चालेको छ । मन्त्रालयले कोरोना भाइरसको संक्रमण बढ्दै गएपछि विभिन्न अस्पताललाई तयारी अवस्थामा रहन निर्देशन दिएको छ । मन्त्रालयको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. चुमनलाल दासले अहिले देखापरेको भेरियन्ट संक्रामक रहेकाले अस्पताललाई तयारी अवस्थामा राख्न निर्देशन दिएको जानकारी दिए । कोरोना भाइरसको नयाँ भेरियन्टले धेरै जनालाई संक्रमण सार्ने गर्ने सम्भावना छ रहेको उनको भनाइ छ ।

मन्त्रालयका अनुसार हाल वीर अस्पताल, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, त्रिवि शिक्षण अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, निजामती कर्मचारी अस्पताल, सशस्त्र प्रहरी बल अस्पताल, नेपाल प्रहरी अस्पताललगायतका अस्पताललाई तयारी अवस्थामा रहन निर्देशन दिइएको छ । यद्यपि, अहिले नै आत्तिनुपर्ने अवस्था नभएको बताइएको छ ।

संक्रमण बढ्न नदिन नेपाल प्रवेश हुने सीमानाकामा कडाइ गरिनुपर्छ । सीमानाकाबाट नेपाल प्रवेश गर्नेहरूको कोरोना परीक्षण अनिवार्य गरिनुपर्छ । नयाँ–नयाँ भेरियण्ट आउने क्रम नरोकिएका कारण कोरोना संक्रमण पूर्ण नियन्त्रणमा आउन सकेको छैन । त्यसैले यो संक्रमणबाट बच्न र संक्रमण फैलन नदिन सबैले सतर्कता अपनाऔं ।

## मनन्योग्य

### विदुर नीति


यस ढोकाबाट आउनेले यमराजलाई ज्यादै कठोर र भयङ्कर रूपको देख्दछ । वास्तवमा यमराज ज्यादै नैं सौम्य आकृति भएका र शालीन व्यक्तित्वका धनी छन् ।

धर्मराज ईश्वरकै एउटा स्वरूप हुन्, तर भगवत् धर्मलाई बुझ्ने १२ जना महात्माका प्रमुख रूपमा उनलाई मानिएको छ । उनी भगवान्का ठूला भक्त र ईश्वरको रहस्यलाई बुझ्ने एक उच्चस्तरका ज्ञानी पुरुष हुन् । उनले आफ्नो कार्य सम्पादनको सिलसिलामा खटाइने आफ्ना अनगिन्ती दूत र तिनका सहायकहरूलाई भगवत् धर्मको रहस्य बताउने गरेका छन् र कस्तो जीवलाई कुन बाटोबाट ल्याउने गर्नुपर्दछ, कोसंग कस्तो वार्ता गर्नुपर्दछ भन्नेबारे बेलाबखतमा सम्झाइरहने पनि गर्दथे । आफू पनि मन, वचन र कर्मले भगवान्को भक्त थिए अनि आफ्ना काममा सहयोगी दूतहरूलाई पनि यस्तै किसिमका शिक्षाहरू दिने गर्दथे। धर्मराजले दूतलाई सम्झाउँदै भनेका थिए-

'हे दूत हो ! जुन मनुष्यको जिब्रोले भगवान्को पवित्र गुण, लीला र नामहरू बोल्दैन, अनि मनले भगवान्को पाउनको स्मरणसम्म पनि गर्दैन' जसको मस्तक भगवान् र उनका भक्तहरूलाई देख्ता एकछिन पनि नुहुदैन, भगवान्को सत्यस्वरूपबाट आफू टाढा रहने गर्दछन् । त्यस्तालाई तिमीहरूले भयङ्कर नरकको बाटो (दक्षिणपन्थ) बाट यमराजको सामुन्ने उपस्थित गराने गर्नू ।' क्रमशः

वर्ष २०७९

# साहित्यकार राष्ट्रपति र पाठ्यपुस्तकका जन्मदाता राष्ट्रिय विभूति घोषणा भएको वर्ष



श्याम रिमाल

राजनीतिक, आर्थिक, सामाजिक, न्यायिक विषयसँगै सांस्कृतिक-साहित्यिक विषय पनि यस वर्ष चर्चामा रहेको छ । राष्ट्रियस्तरमा मात्र होइन, अन्तर्राष्ट्रियस्तरमा पनि धेरै साहित्यिक-सांस्कृतिक गतिविधि भए । यसबाट हाम्रो संस्कृति, साहित्य, कला, संस्कृति, भाषालगायत पक्ष अझै मजबुत र स्थापित हुँदै गएको छ ।

यसै वर्ष एकातिर नेपाली साहित्यमा स्नातकोत्तर र संस्कृतमा शास्त्री नेपाली कांग्रेसका नेता रामचन्द्र पौडेल राष्ट्रपतिमा निर्वाचित (फागुन २५) भए । नेपाली राजनीतिमा बौद्धिक नेता भनेर चिनिने उनका राजनीति, नेपाली कांग्रेस, समाजवाद आदिसम्बन्धी दर्जनौं कृति प्रकाशित छन् । नेपालको शैक्षिक, कूटनीतिक, प्रशासनिक, पत्रकारिता र भाषाका क्षेत्रमा योगदान पुऱ्याउने मानवतावादी जयपृथ्वीबहादुर सिंहलाई शेरबहादुर देउवा नेतृत्वको सरकारले १८औं राष्ट्रिय विभूतिका रूपमा घोषणा गरेर स्तुत्य काम गऱ्यो ।




यसै वर्ष नेपाल प्रज्ञा-प्रतिष्ठान, संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान र ललितकला प्रज्ञा-प्रतिष्ठानका पदाधिकारीको पदावधि पूरा भई क्रमशः भूपाल राई, निशा शर्मा र नारदमणि हार्तम्छाली नेतृत्वको प्रज्ञा-प्रतिष्ठान गठन भए । तथापि, यी नियुक्ति विवादरहित भने भएनन् । यसअघिझैं प्रतिष्ठित भाषाविद्, साहित्यकार, कलाकार, संगीतकर्मी आदि नसमेटिएको गुनासो यस पालि पनि रह्यो । त्यस्तै आजीवन सदस्यको मनोनयन र दोहोरो भत्तासम्बन्धी विवाद सतहमा आयो । संस्थाले यसै वर्ष महाकवि लक्ष्मीप्रसाद देवकोटाको मैतीदेवीस्थित घरलाई देवकोटा संग्रहालयका रूपमा निर्माण पूरा गऱ्यो । यसले नेपाली भाषाको शब्दकोश 'प्रज्ञा नेपाली बृहत् शब्दकोश' लगायत भाषा साहित्यका पुराना कृतिको परिमार्जनसहित पुनःप्रकाशन र नयाँ कृति प्रकाशनलाई निरन्तरता दियो । संवैधानिक अंगका रूपमा रहेको भाषा आयोगका अध्यक्षमा भोजपुरी भाषाका चर्चित व्यक्तित्व डा. गोपाल ठाकुर तथा सदस्यमा डा. अमर गिरी, डा. पुष्कर्राज भट्ट, मातृका पोखरेल र गोपाल अश्कको मनोनयन पनि यसै वर्ष भयो ।

साहित्य क्षेत्रको कुरा गर्दा कृति प्रकाशन र विमोचन, पुस्तक चर्चा-परिचर्चा, प्रदर्शनी मजासँग भए । नेपाल प्रज्ञा-प्रतिष्ठान, साझा प्रकाशन र निजी क्षेत्रका प्रकाशकहरूको प्रकाशनले यस वर्ष पनि राम्रो चर्चा पाएका छन् । जनस्तरमा उठेको आग्रह, अनुरोध र दबाबस्वरूप सवारीसाधनमा इम्बोस्ड (उत्कीर्ण गरिएको) नम्बर राख्ने विषय बल्लबल्ल स्वीकार्य भएको समाचार पनि आयो । यसलाई नेपाली भाषाको विजयका रूपमा लिइए पनि नेपाली भाषामा प्रयुक्त वर्णविन्याससम्बन्धी विवाद भने कायमै रहेको छ ।

एकै दिनजसो आयोजित आयामेली कवि वैरागी काइँला र चित्रकार।व्यंग्यकार वात्सायनको नागरिक अभिनन्दन कार्यक्रम यस वर्षको वर्णन गर्नलायक कार्यक्रममध्येका हुन् । त्यस्तै नेपाली, मैथिली र हिन्दी भाषामा कलम चलाउने डा. राजेन्द्र विमलको ७७औं जन्मोत्सव पनि उत्साहपूर्ण रूपले सम्पन्न भयो । यस घटनाले नेपाली समाज गुणग्राही रहेको तथा अग्रजप्रति सम्मान र कृतज्ञता ज्ञापन गर्न लालायित रहेको जनाउँछ । ती कार्यक्रमको साहित्यकार-कलाकारले मुक्तकण्ठले स्वागत गरेका छन् ।

साझा प्रकाशनले राष्ट्रकवि माधवप्रसाद घिमिरेकृत 'ऋतम्भरा' महाकाव्य प्रकाशन गर्नु नेपाली साहित्यमा चर्चित घटना भइदियो । धेरै गीत र खण्डकाव्य लेखेर पनि महाकाव्य नलेखिँदा आफैंलाई रिक्तता महसुस भएको बताउने घिमिरेको अन्तिम पुस्तकाकार सो कृति विश्वमा विज्ञान प्रविधिको विकासपछि अणुशक्ति उत्पादन र सञ्चय गरी अणुयुद्ध थालनी हुन लाग्दा मानव सभ्यता नै खतरातिर उन्मुख हुन थालेपछि विश्वलाई सही मार्गतिर केन्द्रित गर्ने प्रयत्नस्वरूप रचना गरिएको रचनाकारले आफ्नो भूमिकामा उल्लेख गरेका छन् ।

नेपालको एक मात्र आधिकारिक समाचार समिति 'राष्ट्रिय समाचार समिति' (रासस) ले पनि आफ्नो ६२औं वार्षिकोत्सवका अवसरमा 'रासस शैली पुस्तक' र 'रासस हिजो र आज : २०१८-२०७९' प्रकाशन गरेर सञ्चारजगत्का लागि उपहार दिएको छ । शैली पुस्तक सबै सञ्चारमाध्यमको मानक तथा रासस इतिहास मिडियाकर्मीका लागि अध्ययनको विषय हुन सक्छ ।

गैरआख्यानमा राजनीतिज्ञ सूर्यबहादुर थापाको आत्मकथा 'मेरा नौ दशकः पाँच व्यवस्था, पाँच राजा र पाँचपटक प्रधानमन्त्री' आत्मकथाले निकै चर्चा पायो । त्यस्तै खिमलाल गौतमको सगरमाथाको मापन गर्दाका विषय सँगालिएको 'पन्ध्रौं चुली', गोविन्द गिरी प्रेरणाको 'सुश्री पारिजात', उज्ज्वल प्रसाईंको साहित्यकार खगेन्द्र संग्रौलाको जीवनीसम्बन्धी 'एक वागी', रतन भण्डारीको 'द्वारिकादेवी ठकुरानी'को जीवनी, धर्तीचन्द्र यात्रीको 'जंगलमा ३३ वर्ष' मिडियामा धेरै कभर गरिए । मुटुरोगका वरिष्ठ चिकित्सक डा. भगवान् कोइराला र डा. अवनिभूषण उपाध्यायका क्रमशः 'हृदय' र 'मुटुसँग सहयात्रा'ले पनि बजार पिटे । कृति र कृतिकारको चर्चा, अन्तर्वार्ता आदिबाट गैरसाहित्यिक क्षेत्रका विज्ञ पनि लेखन क्षेत्रमा स्थापित हुन सक्ने स्पष्ट देखिएको छ । नेकपा एमालेका अध्यक्ष तथा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले विभिन्न समयमा बौद्धिक विषयमा दिइएको मन्तव्य समेटी रत्न पुस्तक भण्डारले 'केपी शर्मा ओलीका प्राज्ञिक सम्बोधन' कृति प्रकाशनमा ल्याएर पाठकलाई बौद्धिक खुराक दिन खोजेको छ । यसबाट तत्कालीन समयको इतिहास र ज्ञानका विषयबाट पाठक लाभान्वित हुन सक्ने विश्वास गर्न सकिन्छ ।

हाल 'फिरंगी' लेखनमा लागेका साहित्यकार प्रोल्लास सिन्धुलीयको पाँच वर्षको मेहनतस्वरूप यस वर्ष फागुनमा प्रकाशित 'भग्न भैरव' हास्यव्यंग्यशिल्पी भैरव अर्यालको इतिवृत्तमा आधारित आख्यान हो जसको प्रकाशन बुक हिल पब्लिकेसन प्रालिले गरेको हो । यसलाई 'जीवनी र आख्यानलाई एकसाथ प्रस्तुत गरिएको नवीन ढंगको ...उपन्यास' जिकिर गरिएको छ । आख्यानतर्फ सुविन भट्टराईको जनकपुरतिरको परिवेश समेटिएको 'इजोरिया' र बुद्धिसागरको 'एक्लो,' विवेक ओझाको सशस्त्र युद्धका बेला पीडितको कथा बोकेको 'ऐंठन,' सुरेश बडालको 'मायाका मसिना अक्षर,' प्रवासमा रहेका शिवप्रकाशको 'समभोक' र तुलसी आचार्यको 'स्वप्नभूमि' उपन्यास पनि चर्चामा रहे ।

यस वर्षकै अन्तिम समयमा नेपालकै मातृभाषा मैथिलीमा मिथिला नाट्य परिषद्ले धर्मेन्द्र विह्वलको 'शहरक भीडमे एसगर हम' (सहरको भीडमा एक्लो म) काव्यसंग्रह प्रकाशनमा ल्याएको छ । पत्रकार झाको सो कृतिमा सहर शीर्षकका ५१ कविता समाविष्ट छन् । राससका अध्यक्ष उनको यसै साल 'व्योमक ओही पार' (क्षितिज पारि) तान्कासंग्रह पनि प्रकाशन भइसकेको छ । नेपाली तथा मैथिली भाषाका साहित्यकार धीरेन्द्र प्रेमर्षिको 'कोन सुर सजावी' (कुन सुर सजाऊँ) गीतसंग्रह पनि यसै वर्ष प्रकाशन भई महाकवि विद्यापतिलगायतले बीउ रोपेको मैथिली साहित्यलाई प्रवर्द्धन गर्ने काम भएको छ । पत्रकार अमरेन्द्र यादवको 'स्त्री आ आगि' (स्त्री र आगो) कवितासंग्रह प्रकाशन भयो जसले दुई वर्षअघि नेपाल विद्यापति मैथिली पाण्डुलिपि पुरस्कार जितेको थियो । महिलाहरूले भोग्नुपरेको शोषण र हिंसाका विषयवस्तु समेटिएका ४२ कविता त्यसमा समाविष्ट छन् ।

भोजपुरी भाषा, साहित्य तथा संगीत क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका भाषा आयोगका अध्यक्ष डा. ठाकुरको यसै वर्ष प्रकाशित 'सहज भोजपुरी वर्तनी' (सहज भोजपुरी वर्णविन्यास) र 'भोजपुरी व्याकरण (जीवन्त मजबुनका साथे)' र समालोचनात्मक-अनुसन्धानात्मक कृति 'उत्पीडित मधेस आ भोजपुरी)ले नेपाली मातृभाषाका रूपमा रहेको भोजपुरी भाषा र साहित्यको प्रवर्द्धन गर्न निकै सहयोग पुऱ्याउने विश्वास गर्न सकिन्छ । यस्तै आयोगका सदस्य अश्कको 'नेपाली भोजपुरी साहित्यको इतिहास,' प्रज्ञा-प्रतिष्ठान प्राज्ञसभा सदस्य उपेन्द्र सहनीको 'मिसइल पिअवा' (जँडचाहा पति) खण्डकाव्य र सुरेन्द्र गिरीको 'कहाँ गइल ऊ दिन' ( कहाँ गए ती दिन) लघुकथासंग्रह पनि सम्झनायोग्य भए ।

विजयकिशोर पाण्डेको भोजपुरी भाषामा प्रकाशित 'सिमरौनगढके इतिहास'ले त संघीय सरकारले दिने क्षेत्रीय पुरस्कार नै हात पाऱ्यो । रामप्रसाद साहको भोजपुरी भाषाको 'ए हिरामन सुगा' र 'रसगर वसन्त जवान' (रसिलो वसन्त युवक) कवितासंग्रह पनि यस वर्ष प्रकाशित भए । डा. रेखा यादव निर्झरका 'सुस्तरी' (नेपाली)। 'धीरे से' (हिन्दी) अर्का कवितासंग्रह हुन् जसमा मानव जीवन र प्रेमको खोजीका भाव प्रतिविम्बित छन् । आयोगका सदस्य अश्क नेपाली भाषासाहित्यको चर्चा गर्दा मातृभाषाका कृति र गतिविधि पनि आउनुपर्ने बताउँछन् । मिडियाले पनि नेपालका अन्य भाषाका कृतिमाथि समीक्षा गरिदिनुपर्नेमा उनले जोड दिए ।

साहित्यकार महेश पौड्याल विधागतरूपमा हेर्दा कवितालाई अलि पछाडि धकेल्दै आख्यान र यात्रा साहित्य (नियात्रा) मा उछाल आएको तथा फेरि पनि उपन्यास र कथाको दबदबा बढेको बताउँछन् । 'प्रकाशनका हिसाबले गजल पनि यस वर्ष कम देखियो । तर, मञ्चहरूका गजलको उपस्थिति बाक्लै देखियो । आत्मपरक निबन्ध र लेख्य-नाटकको फाँट भने निराशाजनक देखियो,' उनको कथन छ ।

अनुवादक पौड्यालका अनुसार यस वर्ष विदेशमा बसेर साहित्य लेख्ने साहित्यकारको किताब निकै धेरै संख्यामा बाक्लिएको र विगतका तुलनामा तिनको गुणस्तर पनि बढेको छ । अनुवादका क्षेत्रमा यस वर्ष निकै ठूलो चासो देखिएको उनको अनुभव छ । देशभित्रै र बाहिर अन्तर्राष्ट्रिय प्रकृतिका सभा-सम्मेलन बढी हुनु तथा लेखकहरूको भ्रमण बढेको हुँदा जहाँ गए पनि कुनै न कुनै अन्तर्राष्ट्रिय भाषाको पुस्तक भइदिए सजिलो हुन्थ्यो भन्ने सोच पनि यसको कारण हुनसक्ने उनको भनाइ छ ।

यसै वर्ष एकातिर नेपाली साहित्यमा स्नातकोत्तर र संस्कृतमा शास्त्री नेपाली कांग्रेसका नेता रामचन्द्र पौडेल राष्ट्रपतिमा निर्वाचित (फागुन २५) भए । नेपाली राजनीतिमा बौद्धिक नेता भनेर चिनिने उनका राजनीति, नेपाली कांग्रेस, समाजवाद आदिसम्बन्धी दर्जनौं कृति प्रकाशित छन् । नेपालको शैक्षिक, कूटनीतिक, प्रशासनिक, पत्रकारिता र भाषाका क्षेत्रमा योगदान पुऱ्याउने मानवतावादी जयपृथ्वीबहादुर सिंहलाई शेरबहादुर देउवा नेतृत्वको सरकारले १८औं राष्ट्रिय विभूतिका रूपमा घोषणा गरेर स्तुत्य काम गऱ्यो । उनको 'अक्षरांक शिक्षा' नेपाली भाषाको पहिलो पाठ्यपुस्तक मानिन्छ जसमा देवनागरी लिपिका साँवाअक्षर, गणितका साधारण हिसाब समावेश गरिएका छन् । वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीको १०४ वर्षका उमेरमा भएको अवसान (असोज ३०) बाट भने राष्ट्रले नै शोक खप्नुपऱ्यो ।

यसै वर्षको अन्तिमतिर कैलालीको धनगढीमा 'नेपाली साहित्य महोत्सव' (फागुन १९-२१) र 'विश्व नेपाली नारी साहित्य महोत्सव' (चैत १०-१३) तथा 'टीकापुर साहित्य महोत्सव' (चैत २५-२७), झापामा 'साहित्य उत्सव' (चैत २५) र इलाम साहित्य महोत्सव (चैत २६-२७) सम्पन्न भए । नेपाली लेखक संघ, प्रलेस, साहित्य सन्ध्या, एपेक नेपाल, अन्तर्राष्ट्रिय साहित्य समाज, विश्व नेपाली साहित्य महासंघलगायत राष्ट्रिय-अन्तर ाष्ट्रिय संघसंस्थाले भौतिक र जुम मिटिङबाट आफ्ना साहित्यिक गतिविधिलाई अगाडि बढाए । यस वर्ष बालसाहित्यसम्बन्धी सम्मेलन पनि भई नेपाली साहित्यका सबै क्षेत्र जागरुक भएको देखिएको छ ।

नेपाली र विदेशी साहित्यमा बढी अध्ययनशील भनी चिनिएका उदय अधिकारी (चितवन) ले नेपाली साहित्य सम्बन्धमा यस वर्ष धेरै जात्रा, भेला, महोत्सव भएको बताउँदै क्षेत्रीय, स्थानीयरूपमा गठन भएका प्रज्ञा-प्रतिष्ठानको पनि यसमा भूमिका रहेको स्पष्ट गरे । 'प्रकाशनगृहहरूले पुरानाका साथै नयाँ लेखक-साहित्यकारका कृति प्राथमिकता दिएर प्रकाशन गरिदिए । यस वर्ष संस्मरण र आख्यान बढी नै आयो । जे होस्, सोचेको भन्दा बढी नै पुस्तक आयो र गतिविधि पनि भए,' अंग्रेजी साहित्यका सहप्राध्यापक (अवकाशप्राप्त) अधिकारीले भने । साहित्यिक संगठनहरूमा पनि क्रियाशील साहित्यकार पौड्यालले पनि साहित्यिक उत्सव-महोत्सवको संख्या बढ्नामा स्थानीय सरकारले साहित्यलाई अलिअलि सहयोग गर्न थालेकाले भएको विचार व्यक्त गरे । 'स्थापित भनिएका लेखकहरूका पुस्तकले निरास तुल्याए यस साल । बरू युवा र नवप्रवेशीहरूले राम्रो छाप छोडे,' उनले स्पष्ट नै भने । *रासस*

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
*Serving Your Financial Needs*

**Head Office:** Kupondole, Lalitpur
**Tel:** 01-5970005,
**Email:** info@centralfinance.com.np
**Website:** www.centralfinance.com.np


# Extract of Audited Financial Statements of FY 2078/79

## As per NRB Directives 2079, 4.1 (Gha)

## Statement of Financial Position

### As on Asadh End 2079

| ASSETS | NOTE | ASHAD END 2079 | ASHAD END 2078 |
|---|---|---|---|
| Cash and cash equivalent | 4.1 | 54,84,57,237 | 37,94,99,350 |
| Due from Nepal Rastra Bank | 4.2 | 31,24,00,196 | 27,20,14,273 |
| Placement with Bank and Financial Institutions | 4.3 | - | - |
| Derivative financial instruments | 4.4 | - | - |
| Other trading assets | 4.5 | - | - |
| Loans and advances to B/Fis | 4.6 | 16,46,24,035 | 9,57,39,000 |
| Loans and advances to customers | 4.7 | 5,01,15,41,067 | 4,13,18,33,126 |
| Investment securities | 4.8 | 1,62,93,46,225 | 1,70,48,71,044 |
| Current tax assets | 4.9 | 2,65,38,138 | 1,06,28,302 |
| Investment in subsidiaries | 4.10 | - | - |
| Investment in associates | 4.11 | - | - |
| Investment property | 4.12 | 6,81,270 | 26,11,789 |
| Property Plant and Equipment | 4.13 | 20,29,62,572 | 13,71,67,117 |
| Goodwill and Intangible assets | 4.14 | 17,54,451 | 4,25,162 |
| Deferred tax assets | 4.15 | - | - |
| Other assets | 4.16 | 3,51,59,310 | 10,31,01,157 |
| **TOTAL ASSETS** | | **7,93,34,64,502** | **6,83,78,90,318** |
| **LIABILITIES** | **NOTE** | **ASHAD END 2079** | **ASHAD END 2078** |
| Due to Bank and Financial Institutions | 4.17 | 23,71,73,864 | 24,51,76,981 |
| Due to Nepal Rastra Bank | 4.18 | 30,02,30,137 | 6,56,68,685 |
| Derivative financial instruments | 4.19 | - | - |
| Deposits from customers | 4.20 | 6,08,94,60,930 | 5,27,33,46,239 |
| Borrowing | 4.21 | - | - |
| Current Tax Liabilities | 4.9 | - | - |
| Provisions | 4.22 | - | - |
| Deferred tax liabilities | 4.15 | 39,06,028 | 1,31,73,694 |
| Other liabilities | 4.23 | 9,14,55,848 | 4,04,79,634 |
| Debt securities issued | 4.24 | - | - |
| Subordinated Liabilities | 4.25 | - | - |
| **TOTAL LIABILITIES** | | **6,72,22,26,807** | **5,63,78,45,233** |
| **EQUITY** | | | |
| Share Capital | 4.26 | 94,88,75,459 | 88,10,35,709 |
| Share premium | | 4,42,546 | 4,42,546 |
| Retained Earnings | | 5,06,50,223 | 10,67,65,650 |
| Reserves | 4.27 | 21,12,69,467 | 21,18,01,180 |
| **TOTAL EQUITY ATTRIBUTABLE TO EQUITY HOLDERS** | | **1,21,12,37,695** | **1,20,00,45,085** |
| **NON-CONTROLLING INTEREST** | | | |
| **TOTAL EQUITY** | | **1,21,12,37,695** | **1,20,00,45,085** |
| **TOTAL LIABILITIES & EQUITY** | | **7,93,34,64,502** | **6,83,78,90,318** |
| Contingent liabilities and commitment | 4.28 | 1,94,58,485 | 51,77,224 |
| Net assets value per share | | 127.65 | 136.21 |

## Statement of Profit or Loss

### For the year ended Ashad End 2079

| Particulars | NOTE | ASHAD END 2079 | ASHAD END 2078 |
|---|---|---|---|
| Interest income | 4.29 | 72,58,54,669 | 57,09,29,446 |
| Interest expense | 4.30 | 49,15,61,202 | 38,37,93,080 |
| **Net interest income** | | **23,42,93,467** | **18,71,36,366** |
| Fee and commission income | 4.31 | 3,81,10,842 | 4,28,26,362 |
| Fee and commission expense | 4.32 | - | - |
| **Net fee and commission income** | | **3,81,10,842** | **4,28,26,362** |
| **Net interest, fee and commission income** | | **27,24,04,309** | **22,99,62,728** |
| Net trading income | 4.33 | - | - |
| Other operating income | 4.34 | 54,74,573 | 5,53,75,461 |
| **Total operating income** | | **27,78,78,882** | **28,53,38,189** |
| Impairment charge/(reversal) for loans and other losses | 4.35 | 4,46,76,600 | 1,09,82,521 |
| **Net operating income** | | **23,32,02,282** | **27,43,55,668** |
| **Operating expense** | | | |
| Personnel expenses | 4.36 | 8,57,80,508 | 7,72,25,862 |
| Other operating expenses | 4.37 | 4,11,78,745 | 3,44,44,970 |
| Depreciation & Amortization | 4.38 | 2,75,72,791 | 1,06,97,869 |
| **Operating Profit** | | **7,86,70,238** | **15,19,86,967** |
| Non operating income | 4.39 | 11,69,357 | 14,30,861 |
| Non operating expense | 4.40 | 24,350 | 2,21,313 |
| **Profit before income tax** | | **7,98,15,244** | **15,31,96,516** |
| Income tax expense | 4.41 | | |
| Current Tax expenses | | 2,63,54,649 | 4,49,98,803 |
| Deferred Tax Expenses/(Income) | | (25,29,224) | (10,08,931) |
| **Profit for the period** | | **5,59,89,819** | **10,92,06,644** |
| **Profit attributable to:** | | | |
| Equity holders of the Bank | | 5,59,89,819 | 10,92,06,644 |
| Non-controlling interest | | - | - |
| **Profit for the period** | | **5,59,89,819** | **10,92,06,644** |
| **Earnings per share** | | | |
| Basic earnings per share | | 5.90 | 12.40 |
| Diluted earnings per share | | 5.90 | |

## Statement of Cash Flow

### For the year ended Ashad End 2079

| Particulars | ASHAD END 2079 | ASHAD END 2078 |
|---|---|---|
| **CASH FLOW FROM OPERATING ACTIVITIES** | | |
| Interest received | 64,83,76,735 | 54,08,42,503 |
| Fees and other income received | 3,81,10,842 | 4,28,26,362 |
| Dividend received | - | - |
| Receipts from other operating activities | 11,69,357 | 14,30,861 |
| Interest paid | (49,08,40,925) | (38,56,98,187) |
| Commission and fees paid | - | - |
| Cash payment to employees | (9,17,78,691) | (7,21,39,977) |
| Other expenses paid | (4,36,04,238) | (3,46,66,283) |
| **Operating cash flows before changes in operating assets and liabilities** | **6,14,33,080** | **9,25,95,279** |
| **(Increase)/ Decrease in operating assets** | | |
| Due from Nepal Rastra Bank | (4,03,85,923) | 3,35,86,730 |
| Placement with bank and financial institutions | - | - |
| Other trading assets | - | - |
| Loan and advances to bank and financial institutions | (6,97,92,335) | (50,00,000) |
| Loan and advances to customers | (91,54,49,035) | (69,26,77,675) |
| Other assets | 6,65,66,736 | (7,74,97,102) |
| **(Increase)/ Decrease in operating liabilities** | | |
| Due to bank and financial institutions | (80,03,118) | 24,51,76,981 |
| Due to Nepal Rastra Bank | 23,45,61,452 | 6,63,71,306 |
| Deposits from Customers | 81,61,14,691 | 75,70,97,727 |
| Borrowings | - | - |
| Other Liabilities | 33,79,828 | (1,15,34,521) |
| **Net Cash flow from operating activities before tax paid** | **14,84,25,377** | **40,81,18,726** |
| Income taxes paid | (4,22,64,485) | (5,16,50,070) |
| **Net Cash flow from operating activities** | **10,61,60,892** | **35,64,68,656** |
| **CASH FLOW FROM INVESTING ACTIVITIES** | | |
| Purchase of investment securities | (4,92,39,864) | (90,68,71,324) |
| Receipt from the sale of investment securities | 10,00,00,000 | 4,92,87,686 |
| Purchase of property and equipment | (3,51,13,736) | (4,54,25,847) |
| Receipt from the sale of property and equipment | 55,022 | 19,74,093 |
| Purchase of intangible assets | (21,62,480) | - |
| Receipt from the sale of intangible assets | - | - |
| Purchase of investment properties | - | - |
| Receipt from the sale of investment properties | 35,50,832 | 56,27,869 |
| Interest received | 7,08,24,838 | 5,10,98,508 |
| Dividend received | 38,21,512 | 67,68,402 |
| **Net cash used in investing activities** | **9,17,36,124** | **(83,75,40,612)** |
| **CASH FLOW FROM FINANCING ACTIVITIES** | | |
| Receipt from issue of debt securities | - | - |
| Repayment of debt securities | - | - |
| Receipt from issue of subordinated liabilities | - | - |
| Repayment of subordinated liabilities | - | - |
| Receipt from issue of shares | - | - |
| Dividends paid | (2,89,39,130) | (2,46,83,759) |
| Interest paid | - | - |
| Other receipt/ payment | - | - |
| **Net cash from financing activities** | **(2,89,39,130)** | **(2,46,83,759)** |
| **Net increase/ (decrease) in cash and cash equivalents** | **16,89,57,885** | **(50,57,55,715)** |
| **Cash and cash equivalents at Shrawan 1, 2078** | **37,94,99,352** | **88,52,55,065** |
| Effect of exchange rate fluctuations on cash and cash equivalents held | - | - |
| **Cash and cash equivalents at Ashad end, 2079** | **54,84,57,237** | **37,94,99,350** |

## Capital Adequacy Table

### For the year ended Ashad End 2079

| Particulars | AMOUNT | AMOUNT |
|---|---|---|
| Paid up Capital (Ordinary shares) | 94,88,75,459 | 88,10,35,709 |
| Proposed bonus share | - | - |
| Share premium | 4,42,546 | 4,42,546 |
| Irredeemable preferential share | - | - |
| General Reserve Fund | 16,83,42,036 | 15,71,44,072 |
| Accumulated profit/loss (Retained earnings) | 5,06,50,223 | 10,67,65,650 |
| Profit & loss a/c as per balance-sheet | - | - |
| Capital Redemption Reserve Fund | | |
| Capital Adjustment Fund | - | - |
| Calls in advance | - | - |
| Other Free Reserves | - | - |
| **Deductions:** | | |
| Goodwill | - | - |
| Deferred tax assets | - | - |
| Investment on shares and securities in excess of limits | - | - |
| Investment to the company having financial interests | - | - |
| Fictitious Asset | - | - |
| Investment on land and building for self use not complying the Directives of NRB | - | - |
| Investment on land development and housing construction in excess of limits | - | - |
| Underwriting share not sold within the stipulated time | - | - |
| Credit and other facilities banned by the prevailing laws | - | - |
| Other Deductions | 48,40,535 | 64,52,782 |
| **Tier 1 Capital** | **1,16,34,69,729** | **1,13,89,35,195** |
| **b.Tier 2 Capital and a breakdown of its components** | | |
| **Supplementary Capital (Tier 2)** | | |
| General Loan provision | 7,44,11,393 | 5,81,15,640 |
| Additional loan loss provision | - | - |
| Hybrid capital instruments | - | - |
| Unsecured Subordinated Term Debt | - | - |
| Exchange Equalization Fund | - | - |
| Assets revaluation Fund (max. 2% of Supplementary capital is added automatically) | - | - |
| Investment adjustment Fund | - | - |
| **Tier 2 Capital** | **7,44,11,393** | **5,81,15,640** |
| **c. Deduction from Capital** | | |
| Nil | | |
| **d. Total Qualifying Capital** | | |
| | **AMOUNT** | **AMOUNT** |
| Tier 1 Capital | 1,16,34,69,729 | 1,13,89,35,195 |
| Tier 2 Capital | 7,44,11,393 | 5,81,15,640 |
| **Total Capital Fund (Tier 1 and Tier 2)** | **1,23,78,81,122** | **1,19,70,50,835** |
| **Risk Weighted Exposures** | **5,51,58,63,580** | **4,55,09,66,095** |
| **e. Capital Adequacy Ratio** | | |
| | **AMOUNT** | **AMOUNT** |
| Tier 1 Capital to Total Risk Weighted Exposures (After Bank's adjustments of Pillar II) | 21.09% | 25.03% |
| Tier 1 and Tier 2 Capital to Total Risk Weighted Exposure Ratio (After Bank's adjustments of Pillar II) | 22.44% | 26.30% |

## Statement of Distributable Profit or Loss

### For the year ended Ashad End 2079

| Particulars | ASHAD END 2079 | ASHAD END 2078 |
|---|---|---|
| **Opening retained earning** | **10,67,65,649** | **8,80,11,899** |
| Less: Dividend distributed | (2,90,74,178) | (2,47,01,936) |
| Less: Bonus Share issued | (6,78,39,749) | (5,76,37,850) |
| Less: Share issue expenses | | |
| Add: Gain from sale of investment securities measured at fair value through OCI | - | 20,27,152 |
| **Remaining balance of Retained Earnings** | **98,51,722** | **76,99,265** |
| **Net profit or (loss) as per statement of profit or loss** | **5,59,89,819** | **10,92,06,644** |
| ***Appropriations:*** | | |
| a. General reserve | (1,11,97,964) | (2,22,46,759) |
| b. Foreign exchange fluctuation fund | - | - |
| c. Capital redemption reserve | - | - |
| d. Corporate social responsibility fund | (5,59,898) | (11,12,338) |
| e. Employees' training fund | (13,16,668) | - |
| f. Other | | 10,22,981 |
| Writeback from Corporate social responsibility fund | 6,74,485 | 10,22,981 |
| Writeback from Employee's training fund | 8,32,779 | - |
| **Profit or (loss) before regulatory adjustment** | **4,44,22,553** | **8,68,70,527** |
| ***Regulatory adjustment :*** | | |
| a. Interest receivable (-)/previous accrued interest received (+) | (64,52,525) | 25,76,092 |
| b. Short loan loss provision in accounts (-)/reversal (+) | - | - |
| c. Short provision for possible losses on investment (-)/reversal (+) | - | - |
| d. Short loan loss provision on Non Banking Assets (-)/resersal (+) | 12,16,227 | 35,45,560 |
| e. Deferred tax assets recognised (-)/ reversal (+) | - | 36,38,782 |
| f. Goodwill recognised (-)/ impairment of Goodwill (+) | - | - |
| g. Bargain purchase gain recognised (-)/resersal (+) | - | - |
| h. Actuarial loss recognised (-)/reversal (+) | 16,12,246 | 7,78,047 |
| i. Other (+/-) | - | 16,57,376 |
| **Distributable profit or (loss) as on year end date** | **5,06,50,223** | **10,67,65,649** |

## Pricipal Indicators

| FINANCIAL YEARS | | 2078-79 | 2077-78 | 2076-77 | 2075/76 | 2074/75 |
|---|---|---|---|---|---|---|
| Indicators | Unit | Amount | Amount | Amount | Amount | Amount |
| Adequacy of Capital Fund on Risk Weighted Assets | | | | | | |
| Core Capital | Percent | 21.09% | 25.03% | 25.44% | 26.08% | 25.95% |
| Total Capital Fund | Percent | 22.44% | 26.30% | 26.26% | 26.90% | 26.83% |
| Risk Weighted Exposure | NPR | 5,51,58,63,580 | 4,55,09,66,095 | 4,09,95,29,359 | 3,84,95,52,209 | 3,32,42,68,343 |
| Earning Per Share (Average share outstanding) | NPR | 5.90 | 12.40 | 10.49 | 10.57 | 9.31 |
| Market Value Per Share | NPR | 302 | 485 | 120.00 | 114.00 | 114 |
| Book Net Worth Per Share | NPR | 127.65 | 136.21 | 130.43 | 125.32 | 113.89 |
| Net Profit Per Staff | NPR | 4,05,723.33 | 8,95,136.43 | 8,72,261.72 | 9,06,230.74 | 932957.6625 |
| Per Employee Staff Cost | NPR | 6,21,597.88 | 6,08,121.48 | 5,10,810.41 | 4,35,385.92 | 590285.04 |
| Number of Promotor Equity Shares | Nos. | 48,62,037.85 | 45,14,426.97 | 42,19,090.63 | 42,19,090.63 | 3662654.8 |
| Number of Public Equity Shares | Nos. | 46,26,716.74 | 42,95,930.12 | 40,14,887.96 | 40,14,887.96 | 3690978.7 |
| Number of Permanent Staffs | Nos. | 113 | 99 | 84.00 | 56.00 | 65 |
| Number of Branches | Nos. | 16 | 14 | 10.00 | 9.00 | 7 |
| Number of Extension Counters | Nos. | 1 | 1 | - | - | 0 |
| Number of ATM Machines | Nos. | 6 | 6 | 4.00 | 3.00 | 0 |
| Price Earning Ratio | Times | 51.19 | 39.11 | 11.44 | 10.79 | 12.24 |
| Dividend (including bonus) on Share Capital | Percent | - | 7.7 | 7.00 | 7.00 | 7.19 |
| Cash Dividend on Share Capital | Percent | 5 | 3.3 | 3.00 | 7.00 | 7.19 |
| Net Profit / Gross Income | Percent | 7.27 | 16.29 | 14.16 | 16.26 | 15.94 |
| Net Profit / Loans and Advances | Percent | 1.06 | 2.58 | 2.42 | 2.73 | 7.19 |
| Return on Total Assets | Percent | 0.71 | 1.6 | 1.53 | 1.84 | 1.77 |
| Return on Equity | Percent | 4.62 | 9.10 | 8.04 | 8.43 | 10.15 |
| Interest Income / Loans and Advances | Percent | 12.31 | 11.93 | 16 | 15.54 | 15.58 |
| Exchange Gain / Total Income | Percent | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| Interest Expenses / Total Deposits and Borrowings | Percent | 7.69 | 7.19 | 8.02 | 8.58 | 8.41 |
| Total Operating Expenses / Total Assets | Percent | 1.95 | 1.79 | 1.78 | 1.86 | 8.07 |
| Staff Expenses / Total Operating Expenses | Percent | 49.77 | 49.20 | 58.36 | 58.13 | 13.84 |
| Staff Bonus / Total Staff Expenses | Percent | 11.53 | 22.04 | 15.73 | 18.70 | 25.29 |
| Total Credit / Deposits | Percent | 83.23 | 81.27 | 78.87 | 87.41 | 84.36 |
| Non-Performing Loans / Total Loans | Percent | 2.59 | 1.72 | 1.73 | 1.14 | 0.87 |
| Base Rate | Percent | 11.98 | 9.01 | 11.02 | 13.26 | 15.75 |
| Weighted Average Interest Rate Spread | Percent | 4.92 | 4.9 | 4.97 | 4.82 | 4.18 |
| CRR | Percent | 4.94 | 4.93 | 7.15 | 5.67 | 8.67 |

## Statement of Comprehensive Income

### For the year ended Ashad End 2079

| Particulars | ASHAD END 2079 | ASHAD END 2078 |
|---|---|---|
| **Profit for the year** | **5,59,89,819** | **10,92,06,644** |
| **Other comprehensive income, net of income tax** | | |
| **a) Items that will not be reclassified to profit or loss** | | |
| Gains/(Losses) from investments in equity instruments measured at fair value | (2,47,64,683) | 5,82,93,194 |
| Gains/(Losses) on revaluation | - | - |
| Actuarial gain/(loss) on defined benefit plans | 23,03,209 | 11,11,495 |
| Income tax relating to above terms | 67,38,442 | (1,78,21,407) |
| **Net other comprehensive income that will not be reclassified to profit or loss** | **(1,57,23,032)** | **4,15,83,282** |
| **b) Items that are or may be reclassified to profit or loss** | | |
| Gains/(Losses) on cash flow hedge | - | - |
| Exchange gains/(losses) arising from translating financial assets of foreign operation | - | - |
| Income tax relating to above terms | - | - |
| Reclassify to profit or loss | - | - |
| **Net other comprehensive income that are or may be reclassified to profit or loss** | - | - |
| **c) Share of other comprehensive income of associate accounted as per equited method** | - | - |
| **Other comprehensive income for the year, net of income tax** | (1,57,23,032) | 4,15,83,282 |
| **Total comprehensive income for the period** | **4,02,66,788** | **15,07,89,926** |
| **Total comprehensive income attributable to:** | | |
| Equity holders of the bank | 4,02,66,788 | 15,07,89,926 |
| Non-controlling interest | - | - |
| **Total comprehensive income for the period** | **4,02,66,788** | **15,07,89,926** |

## Statement of Change In Equity

### For the Ashad End 2079

| Particulars | Share Capital | General Reserve | Share Premium | Regulatory Reserve | Fair Value Reserve | Revaluation Reserve | Retained Earning | Investment Adjustment Reserve | Other Reserve | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **Opening Balance as at Shrawan 1, 2078** | **88,10,35,709** | **15,71,44,072** | **4,42,546** | **1,97,09,977** | **3,77,28,854** | **-** | **10,67,65,650** | **-** | **(27,81,723)** | **1,20,00,45,085** |
| **Comprehensive income for the year** | | | | | | | | | | **-** |
| **Profit for the year** | | | | | | | **5,59,89,819** | | **-** | **5,59,89,819** |
| **Other Comprehensive income, net of tax** | | | | | | | **-** | | **-** | **-** |
| Gains/(losses) from investments in equity instruments measured at fair value | | | | | (1,73,35,278) | | - | | - | **(1,73,35,278)** |
| Gains/(losses) on revaluation | | | | | | | - | | - | **-** |
| Actuarial gains/(losses) on defined benefit plans | | | | | | | - | | 16,12,247 | **16,12,247** |
| **Total comprehensive income for the year** | | | | | | | - | | - | **-** |
| Transfer to reserve during the year | | 1,11,97,964 | | 64,52,525 | - | | (1,95,27,055) | | 18,76,566 | **-** |
| Transfer from reserve during the year | | | | (28,28,473) | - | | 43,35,737 | | (15,07,264) | **-** |
| **Transactions with owners, directly recognised in equity** | | | | | | | - | | - | **-** |
| Right shares issued | | | | | | | - | | - | **-** |
| Share issue expenses | | | | | | | - | | - | **-** |
| Bonus shares issued | 6,78,39,750 | | | | | | (6,78,39,750) | | - | **-** |
| Cash dividend paid | | | | | | | (2,90,74,178) | | - | **(2,90,74,178)** |
| Others | | | | | | | - | | - | **-** |
| **Total contributions by and distributions** | | | | | | | - | | - | **-** |
| **Balance as at Ashad end, 2079** | **94,88,75,459** | **16,83,42,036** | **4,42,546** | **2,33,34,029** | **2,03,93,576** | **-** | **5,06,50,223** | **-** | **(8,00,174)** | **1,21,12,37,695** |

# प्रभाव दैनिक

बिहीबार, ३० चैत २०७९ (Thursday, April 13, 2023)





## नेशनको 'चैतको डढेलो' सार्वजनिक

गायक नेशन पुनको नयाँ गीत 'चैतको डढेलो' को म्युजिक भिडियो सार्वजनिक भएको छ । उनले पोखराबाट गीतको भिडियो सार्वजनिक गरेका हुन् । डिजिटल बजारमा नेशनको युट्युब च्यानलबाट गीत सार्वजनिक भएको हो । गीतमा डेकेन्द्र श्रेष्ठको शब्द र श्याम महर्जनको संगीत छ । विशन थापाले निर्देशन गरेको भिडियोमा नेशनसँगै सुष्मी पुन फिचर्ड छन् । म्याग्दीको घोरेपानी क्षेत्रमा छायांकन भएको भिडियोमा त्यहाँको जीवनशैली उतारिएको छ ।



# 'बेग्लै आकाश' र 'खटप्वाल' सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं–** साहित्यकार, पत्रकार घनेन्द्र ओझाद्वारा लिखित 'बेग्लै आकाश' र प्रमोद प्याकुरेलद्वारा लिखित उपन्यास 'खटप्वाल' सार्वजनिक गरिएको छ । काठमाडौंमा मंगलबार आयोजित कार्यक्रममा १४ जना विविध क्षेत्रमा स्थापित विशिष्ट व्यक्तित्वहरूको संक्षिप्त जीवनी समेटिएको पुस्तक 'बेग्लै आकाश' पुस्तकमा समेटिएका व्यक्तित्वहरूबाटै गरिएको थियो भने 'खटप्वाल' प्रमुख अतिथि समालोचक रमा शर्मा, गीतकार, चलचित्रकर्मी यादव खरेल, समालेचकहरू महेश पौड्याल, डा. अशोक थापा, लेखक प्याकुरेललगायतले गरेका थिए ।

'बेग्लै आकाश'माथि संक्षिप्त टिप्पणी गर्दै समालोचक पौड्यालले नेपाली साहित्य, प्राध्यापन, बैंकिङ, राजनीतिलगायत विविध क्षेत्रमा आफ्नो विशिष्ट पहिचान बनाइसकेका व्यक्तित्वहरूका जीवन संघर्ष, साहित्य/संगीतयात्रा, राजनीतिक संघर्ष, सरकारी जागिरका सकस आदिबारे बुझ्न यो पुस्तक उपयोगी हुने बताए ।

पौड्यालले यस पुस्तकमा समेटिएका व्यक्तित्वहरू स्वयंमा आमजनका प्रेरणा रहेका भन्दै उनीहरूका लुकेका पाटाहरू पनि पुस्तकमा उजागर हुनु तथा उनीहरूका भोगाइ र संघर्षले पाठकलाई छुट्टै ऊर्जा दिने र हार नखाई संघर्ष गर्न प्रेरित गर्ने धारणा राखे ।

यसरी नै 'खटप्वाल'भित्र छिर्दै समालोचक डा. अशोक थापाले प्रमोद प्याकुरेलले नेपाली ग्रामीण जीवनका चित्र उपन्यासमा उतारेका बताए । प्रकृतिको मानवीकरण गर्दै दार्शनिक तवरले समकालीन नेपाली समाजका यथार्थ उपन्यासमार्फत प्रकट गरेका उनको भनाइ थियो ।

लेखक ओझाले 'बेग्लै आकाश'माथि लैंगिक हिसाबले एकपक्षीय भएको, आधा आकाश महिलालाई बेवास्ता गरिएको भनेर व्यापक आलोचना भएकोतर्फ इंगित गर्दै आफू विभेदकारी संस्कारबाट नआएकाले लैंगिक, जतीय वा यस्ता कुनै भासबाट मुक्त भएकाले आरक्षण कोटाका नाममा १-२ जना महिला नराखेको खुलाए । उनले भने, 'कोटा पुर्‍याउने राजनीतिक तरिका ठिक लाग्दैन, नेपाली समाजमा छुट्टै र विस्तृत अध्ययन गर्नुपर्ने प्रशस्त महिलाहरू हुनुहुन्छ, उहाँहरूबारे लेखिनेछ ।'

'बेग्लै आकाश'मा लोकेन्द्रबहादुर चन्द, यादव खरेल, डा. विमल कोइराला, प्रा.डा. कृष्णहरि बराल, प्रतीक ढकाल, कृष्ण धरावासी, डा. भोजराज घिमिरे, केशव भट्टराई, शंकर कोइराला, डा. घनश्याम न्यौपाने 'परिश्रमी', चूडामणि देवकोटा, डा. रामप्रसाद ज्ञवाली, दिनेश अधिकारी र शक्तिबल्लभका जीवनी समेटिएको छ । दुवै पुस्तक पेज टर्नर प्रा.लि.ले प्रकाशन गरेको हो । 'बेग्लै आकाश'को मूल्य ५०० रूपैयाँ छ भने 'खटप्वाल'को मूल्य ४५० रूपैयाँ राखिएको छ ।

पेज टर्नर प्रा.लि.का अध्यक्ष भरत पौडेलले पेज टर्नर नेपाली प्रकाशनका क्षेत्रमा नयाँ भएको तर यसले नेपाली भाषा र साहित्यका क्षेत्रमा गहन काम गर्ने सोचअनुसार काम गरिरहेकाले सबैको साथ, सल्लाह, सुझाव र सहयोगको अपेक्षा गरे । कार्यक्रममा निरूपणडटकम साहित्यिक अनलाइन र ट्विलाइटजुनियरडटकम बालकेन्द्रित अनलाइनको शुभारम्भसमेत गरिएको थियो ।

# ओझाको बहुआयामिक कर्म

■ प्रभाव संवाददाता



**काठमाडौं–** सञ्चारकर्मी सरोज ओझाको पहिचान केवल सञ्चारकर्मीमात्र होइन । उनी एक अनुभवी टेलिभिजन कार्यक्रम उत्पादक पनि हुन् । ओझा नेपाल टेलिभिजन संस्थान अन्तर्गतको समाचार च्यानलमा प्रत्येक बुधबार राती ९:१५ बजे प्रसारण हुने कार्यक्रम 'सचेतना'को कार्यक्रम प्रस्तोता एवम् निर्देशक हुन् । डेढ दशकदेखी नेपाल टेलिभिजन संस्थान अन्तर्गतका विभिन्न टेलिभिजन च्यानलका लागि बाह्य उत्पादकका रूपमा काम गर्दै आएका ओझाले कार्यक्रम प्रस्तोता, निर्माता एवम् निर्देशक, सम्पादक, स्क्रिप्ट राईटरलगायतको जिम्मेवारी बहन गरिसकेका छन् ।

उनले एनटिभी २ च्यानलमा २०६५ साल वैशाख २५ बाट प्रसारण प्रारम्भ भएको बाल कार्यक्रम 'बाल आवाज'को व्यवस्थापक एवम् निर्माताको रूपमा काम गरिसकेका छन् । ओझाले हालसम्म 'सचेतना'सहित 'बाल आवाज', 'विजनेस इन्फो', 'नमस्ते नेपाल', ' प्रवासीको सन्देश', 'आदर्श परिवार', नेपाल मै पहिलो पटक कुकिङ रियालिटी शो 'कलेज सेफ आईकन' र हास्य टेलिश्रृंखला 'कुरा मात्रै भो'को निर्माण र प्रसारणमा आफूलाई जोडिसकेका छन् ।

उनले हालसम्म 'हेल्थ रिटेन्सन (विश्व स्वास्थ्य संगठन-२०२१)', 'गद्धी बैठक पुनःर्निमाण', 'यु एस एम्बेसडर फण्ड (२०७५)', 'लुम्बिनी आईबडिए (२०७४)', 'अन्नपूर्ण ओडिसी (नेपाल पर्यटन बोर्ड( २०७१)', 'कीर्तिपुरको पर्यटकीय सम्भावना (कीर्तिपुर नगरपालिका २०७३),लगायतका वृत्तचित्रको निर्माण, लेखन र निर्देशन गरिसकेका छन् । उनी हाल 'बुढीगण्डकी सभ्यता र सेरोफेरो' विषयमा शोधमुलक अध्ययन, अनुसन्धानमा व्यस्त छन् ।

उनले सन २०१९ मा नेपालको काठमाडौंमा सम्पन्न एसिया प्यासिफिक समिटलाई नेपालस्थित १४ वटा स्याटलाईट टेलिभिजनमार्फत प्रत्यक्ष प्रसारण गर्ने संयोजनकारी भूमिका निर्वाह गरेका थिए । ओझा ग्लोरी मिडियाका अध्यक्ष एवम् प्रबन्ध निर्देशक तथा राज्य मिडिया नेटवर्कका अध्यक्षसँगै अनलाइन संस्करण राज्यदैनिक डटकमका अध्यक्ष एवम् कार्यकारी सम्पादक समेत छन् । ओझाले ललितपुर महानगरपालिकाद्वारा प्रकाशित बुलेटिन, कर्पोरेट खबर पत्रिका एवम् सोको अनलाइन संस्करण र खेल जित मनोविज्ञान पुस्तकको सम्पादनसमेत गरेका छन् ।

नेपाल पत्रकार महासंघको एशोसियट संस्था एभरेष्ट प्रेस क्लबका महासचिव समेत रहेका उनी अघिल्लो कार्यकाल नेपाल पत्रकार महासंघ, एशोसयिट प्रदेश कमिटि कार्यसमितिमा निर्वाचित भएका थिए । नेपाली र अंग्रेजी दुवै भाषा माथि राम्रो पकड राख्ने उनले नेपाली, अंग्रेजी अनुवादकको रूपमा समेत कार्य गर्दै आएका छन् । बजेट, मौद्रिक नीति तथा सार्वजनिक वित्त जस्ता प्राविधिक बिषयका शोधमुलक सन्दर्भ सामाग्रीहरूका ठेलीसमेत अनुवाद गरेका छन् । उनी मास्टर्स् इन मिडिया टेक्नोलोजी, स्नाकोत्तर तहका शोधार्थी समेत हुन् ।

उनलाई २०७८ सालमा नेपाल टेलिभिजनले सम्मानसमेत गरेको थियो । सन् २०२१ मा ओझालाई थाईल्याण्डमा मुख्यालय रहेको युनाईटेड नेसन्स पिसकिपर्स फेडरल काउन्सिलले युएनपिकेएफसी हुमानेटेरियन अवार्डबाट विभुषित गरेको थियो । उनले सन् २०१९ मा इजिप्टको अलेक्जेन्ड्रीयामा एमएसएन एक्सिलेन्स अवार्ड प्राप्त गर्न' भएको थियो । ओझाले अधिराज्य मिडियाद्वारा आयोजित विराट फिल्म अवार्ड, द मम व्युटि प्याजेण्ट, नेक्स्ट सुपर टप मोडेल लगायतका थुप्रै प्रतियोगीतात्मक शोहरूमा निर्णायकको भूमिका समेत निर्वाह गरेका छन् ।

# चलचित्र 'कैदीको पत्र'को ट्रेलर सार्वजनिक

**काठमाडौं (प्रस)–** नेपाली चलचित्र 'कैदीको पत्र'को ट्रेलर सार्वजनिक भएको छ । आगामी १५ वैशाखबाट देशभर रिलिज हुने यो चलचित्रको ट्रेलर युट्युब मार्फत सार्वजनिक भएको हो । सम्पूर्ण छायांकन स्कटल्याण्डमा भएको यो चलचित्रलाई सनम कुमार बैरागले निर्देशन गरेका हुन् । चलचित्रको दुई मिनेट ४७ सेकेण्ड लामो ट्रेलरमा एक युवक, उसको वरपर सबन्धित हुने व्यक्तिहरू र प्रेम सम्बन्धमा आउने उतार चढावलाई चित्रण गरिएको छ ।

प्रेम र रोमान्सको कथामा बनेको फिल्मले जीवनमा पाएको खुसीलाई सम्हाल्न नसक्दा मानिसले व्यहोर्नुपर्ने उतारचढाव र भोग्नुपर्ने कठिनाइलाई चित्रण गरेको निर्देशक बैरागले बताए । यो चलचित्रमा समावेश सबै गीतमा शब्द, चलचित्रको पटकथा तथा संवाद पनि निर्देशक बैरागले नै तयार पारेका हुन्। साहित्यकार स्व. ईश्वर मानन्धरले लेखेको कथा 'कैदीको पत्र'मा आधारित रही यो चलचित्र बनाइएको हो ।

यस चलचित्रमा कुनाल विश्व र ब्रिटिश अभिनेत्री म्याडिसन लाजारस, सलिना थापा मगर, पृथ्वीराज खत्री, सुवर्ण थापा, मनिष श्रेष्ठ, सुस्मिता थापा, क्यारी डोड्स, किरण कार्की, चरण प्रधान, बिजेता श्रेष्ठ, फौस्तास तलग्का, लारेनवेस्टबरी, तपस्या शिवाकोटी लगायतका नेपाली तथा ब्रिटिश कलाकारको अभिनय छ । दिल घले, नानी बैराग, कैलाश बिश्वकर्मा र हिराल जोशी निर्माता हुन् । रामशरण कोइरालाको मुख्य सहायक निर्देशन, रामेश्वर कार्कीको छायांकन, अर्जुन जीसीको सम्पादन र यासिन एनचौबीको रंग संयोजन छ । सुरेश सेन्चुरी र विनम्र कर्माचार्यको संगीत रहेको चलचित्रमा प्रताप दास, अन्जु पन्त, सागर आले, प्रविशा अधिकारी, शुभानी मोक्तान र अभिषेक कार्कीको स्वर रहेको छ। चलचित्रको मार्केटिङ श्रीत फिल्म्स एण्ड इन्टरटेनमेन्टले गरेको छ भने काठमाडौं उपत्यकामा जिजिए ग्रूप र उपत्यका बाहिर एफडी कम्पनीले वितरण गर्दैछन् ।

## रंगशाला

**गौरीगंगा गोल्कप**

# उपाधिका लागि स्टार सिटी र फोर ब्रदर्श भिड्दै

■ प्रभाव संवाददाता

**धनगढी –** कैलालीको गौरीगंगा-११ स्पोर्ट्स क्लबले आयोजना गरेको तेस्रो सुदूरपश्चिम गौरीगंगा गोल्डकप फुटबल प्रतियोगिताले (आज) बिहीबार विजेता पाउने छ । उपाधिका लागि कैलालीको स्टार सिटी क्लब र नवलपरासीको फोर ब्रदर्श एफसीले प्रतिस्पर्धा गर्ने भएका छन् । स्टार सिटीले बाँकेको कोहलपुर रेसिङ सहारा क्लबको कारबाही पछि बाइ पाएर फाइनलमा स्थान बनाएको हो भने बर्दियाको नव युवा मैत्री भाव क्लबलाई पराजित गरी फोर ब्रदर्श उपाधि नजिक पुगेको हो । उपाधि भिडन्त अघि बुधबार आयोजित पत्रकार सम्मेलनमा दुवै टोलीले उपाधि जित्ने दाबी गरेका छन् ।

